# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५१ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

१४६९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०५१" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को दफा ६ मा संशोधन : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोबस्त हुन नसकी भाडाको घरमा बस्ने न्यायाधीशलाई आवास सुविधा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ र आफ्नो घरमा बस्ने न्यायाधीशलाई घर सफाई एवं मर्मतको निमित्त प्रतिवर्ष मासिक पारिश्रमिकको आधा रकम दिइनेछ ।"

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

१४६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) न्यायाधीशको आवासमा जडान गरिएका बिजुली, धारा र टेलिफोन महसुल बापत पुनरावेदन अदालतको न्यायाधीशलाई मासिक छ सय रुपैयाँ र जिल्ला अदालतको न्यायाधीशलाई मासिक पाँच सय रुपैयाँ एकमुष्ट उपलब्ध गराइनेछ ।"

४. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "रु.८०।-" भन्ने शब्दहरुको सट्टा "रु.१६०।-" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "क्रमशः रु.५०।- र रु. ४०।-" भन्ने शब्दहरुको सट्टा "रु.९०।-" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएकोछ :-

"(ग) खण्ड (ख) बमोजिमको दैनिक भत्तामा नगरपालिका क्षेत्रमा पैंतीस प्रतिशत र जिल्ला सदरमुकाममा पच्चीस प्रतिशतका साथै निजामती कर्मचारीले भ्रमण गर्दा पाए सरहको स्थानीय भत्ता समेत थप गरिनेछ ।

तर जिल्ला सदरमुकाम नगरपालिका क्षेत्रमा परेमा नगरपालिकाको थप भत्ता मात्र दिईनेछ ।"

१४६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (२) को,-

(१) खण्ड (क) मा रहेका "दश रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पन्ध्र रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछ :-

"(ख१) खण्ड (ख) बमोजिमको भ्रमण भत्तामा निजामती कर्मचारीले भ्रमण गर्दा पाए सरहको स्थानीय भत्ता थप गरिनेछ ।"

५. <u>मूल ऐनको दफा ११ मा संशोधन</u> : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-

"११. <u>विदेशमा जाँदाको दैनिक तथा भ्रमण भत्ता</u> : (१) कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपाल अधिराज्य बाहिर औपचारिक भ्रमण गर्दा न्यायाधीशलाई देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

(क) <u>दैनिक भत्ता</u> : (१) पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई जापान, दक्षिण कोरिया र फिलिपिन्स बाहेक अन्य सबै एशियाली मुलुकहरुमा अमेरिकी डलर १०० (भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत माथि लेखिएदेखि बाहेक

९८६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य मुलुकहरुमा अमेरिकी डलर १२५ दिइनेछ ।

(२) पुनरावेदन अदालतको अन्य न्यायाधीशलाई जापान, दक्षिण कोरिया र फिलिपिन्स बाहेक अन्य सबै एशियाली मुलुकहरुमा अमेरिकी डलर ८५ (भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत माथि लेखिए देखि बाहेक अन्य मुलुकहरुमा अमेरिकी डलर १०० दिइनेछ ।

(३) जिल्ला अदालतको न्यायाधीशलाई जापान, दक्षिण कोरिया र फिलिपिन्स बाहेक अन्य सबै एशियाली मुलुकहरुमा अमेरिकी डलर ७५ (भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत माथि लेखिए देखि बाहेक अन्य मुलुकहरुमा अमेरिकी डलर ९० दिइनेछ ।

(ख) <u>भ्रमण भत्ता</u> : रेल, बस वा अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च र हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च दिइनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने न्यायाधीशको संपूर्ण खर्च कुनै विदेशी सरकार वा संघ संस्थाले व्यहोर्ने भएमा त्यस्तो न्यायाधीशले उपदफा (१) मा उल्लेखित दैनिक भत्ताको एक चौथाई रकम मात्र पकेट खर्च बापत पाउनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपाल अधिराज्य बाहिर जाँदा पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तीन वर्षमा एक पटक चारहजार आठसय रुपैयाँ लुगा भत्ता पाउनेछ । पुनरावेदन अदालतको अन्य न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशले तीन वर्षमा एक पटक भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, म्यान्मार (बर्मा) र गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतमा जाँदा भए तीनहजार दुईसय रुपैयाँ र सो बाहेक अन्य मुलुकहरुमा जाँदा भए चारहजार रुपैयाँ लुगा भत्ता पाउनेछन् । यसरी दिइने लुगा भत्ताको पचास प्रतिशत रकम विदेशी मुद्रामा दिइनेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनमा दफा ३४क. थप : मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएकोछ :-

"३४क. पारिश्रमिक तथा अन्य सुविधामा थप : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यायाधीशले पाउने पारिश्रमिक तथा अन्य सुविधा थप गर्न सक्नेछ ।"

मुद्रण विभाग, सिंहदरबार

लालमोहर सदर मिति :- २०५१।११।२९।२

आज्ञाले,

सुरेशमान श्रेष्ठ

श्री ५ को सरकारको का.मु. सचिव

१४८८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१४८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।